आज मिति २०७६/०१/०६ गते विहान ७:०० बजे राक्सिराङ्ग गाउंपालिकाको अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षतामा भएको कार्यपालिकाको २८ औ  औ बैठकमा निम्नानुनार उपस्थितीमा वैठक बसी देहाय बमोजिम छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजकुमार मल्ल | अध्यक्ष | |
| २ | निर्मला हिम्डुङ्ग | उपाध्यक्ष | |
| ३ | कान्छाराम रुम्बा | सदस्य (वडाध्यक्ष, वडा नं.१) | |
| ४ | सूर्य बहादुर मुक्तान | सदस्य (वडाध्यक्ष, वडा नं.२) | |
| ५ | बाबुलाल स्याङ्गतान | सदस्य (वडाध्यक्ष, वडा नं.३) | |
| ६ | संजय कोईराला | सदस्य (वडाध्यक्ष, वडा नं.४) | |
| ७ | चन्द्र सिंह प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.५) | |
| ८ | सिंगलाल प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.६) | |
| ९ | कुल बहादुर प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.७) | |
| १० | रामकृष्ण प्रजा | सदस्य (वडाध्यक्ष, वडा नं.८) | |
| ११ | रामकुमार वाल्वा थिङ्ग | सदस्य (वडाध्यक्ष, वडा नं.९) | |
| १२ | सन्त व.प्रजा | सदस्य (कार्यपालिका सदस्य) | |
| १३ | सिमोन बि.क. | सदस्य (कार्यपालिका सदस्य) | |
| १४ | मैना कुमारी गोले | सदस्य (कार्यपालिका सदस्य) | मैना |
| १५ | गौरीमायां स्याङ्गतान | सदस्य (कार्यपालिका सदस्य) | गौरी |
| १६ | कर्ण कुमारी राउत | सदस्य (कार्यपालिका सदस्य) | करुणा |
| १७ | सुकमायां बि.क. | सदस्य (कार्यपालिका सदस्य) | सुक |
| १८ | रामकुमार पुडासैनी | सदस्य-सचिव | |
| १९ | | | |
| २० | | | |

## प्रस्तावहरु

१. बैंक अफ काठमाडौं, चैनपुरमा खाता खोल्ने सम्बन्धी तथा सरकारी कारोवार सम्वन्धी अनुमति सम्वन्धमा ।
२. य़ोजना संझौता अवधि थप सम्बन्धमा ।
३. न्यायिक समितिका पदाधिकारीहरुलाई भत्ता उपलब्ध गराउने सम्बन्धमा ।
४. करारमा कार्यरत स्वास्थ्य तर्फका कर्मचारीको करार म्याद अनूमोदन सम्बन्धी ।
५. मनहरी चैनपुर सडकको बाकी बजेट सम्बन्धमा ।
६. लेखापरिक्षण कार्यविधि संशोधन सम्बन्धी ।
७. बोका तथा बाखाको दररेट निर्धारण सम्बन्धी ।
८. कालोसुचीमा राख्ने सम्बन्धी ।
९. बिभिन्न मितिमा भएको तोक आदेश अनुमोदन सम्बन्धमा ।
१०. गाउ शिक्षा समितिको बैठकको निर्णय सम्बन्धमा ।
११. छात्रावासको लागि बजेट व्यवस्थापन सम्बन्धमा ।
१२. राक्सिराङ्ग गाउँपालिका अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ स्विकृती सम्वन्धी ।

## छलफल तथा निर्णयहरु

### निर्णय नं. १

"क" वर्गमा पर्ने वाणिज्य बैंक "बैंक अफ काठमाडौं" ले भर्खरैमात्र यस गाउँपालिकाको केन्द्र चैनपुरमा रही आफ्नो कारोबारको सुरुवात गरेको सन्दर्भमा मनहरीमा रहेको सिटिजन्स बैंकको शाखा मार्फत बैंकिङ्ग सेवा प्रदान गर्दा जनता एवं कर्मचारी सबैलाई सुविधा लिन जटिलताको सामना गर्नुपर्ने देखिएको साथै प्रत्येक स्थानीय तहमा वाणिज्य बैंक खोल्नुपर्ने राज्यको नीति अनुरुप यस क्षेत्रमा खोलिएको वाणिज्य बैंकमार्फत सरकारी कारोवारको सुरुवात गर्न तथा जनतालाई सेवा पुर्‍याउनको लागि गाउँपालिकाका सबै जनप्रतिनिधि, सरकारी कर्मचारीहरु तथा शिक्षकहरुलाई आफ्नो व्यक्तिगत खाता खोल्न तथा सबै विद्यालयको खाता, उपभोक्ता समितिहरुको खाता खोल्न तथा सामाजिक सुरक्षा कार्यविधि बमोजिम बैकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा प्राप्त गर्ने जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला लगायतका सामाजिक सुरक्षा लाभग्राहीहरुलाई समेत बैंक अफ काठमाडौं, चैनपुरमा खाता खोल्नको लागि प्रचार प्रसार तथा आव्हान गर्ने निर्णय गरियो साथै सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरु जेष्ठ नागरिक, असक्त तथा अपाङ्ग व्यक्तिहरुलाई शारीरीक असक्षमताको कारण चैनपुरमा आई खाता खोल्न असमर्थ हुने भएकोले तथा त्यस्तो खाता खोल्ने अभियानलाई चुस्त दुरुस्त बनाउनका लागि टोल टोलमै गएर खाता खोल्ने कार्यलाई सहजीकरण गर्नको लागि बैंक अफ काठमाडौं, चैनपुरलाई अनुरोध गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको केन्द्र चैनपुरस्थित स्थापीत वाणिज्य बैंक, बैंक अफ काठमाण्डूबाट सरकारी कारोबारसँग सम्बन्धीत सम्पूर्ण खाताहरु सञ्चालन गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैक, थापाथली, काठमाडौंलाई अनुमतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

यस गाउंपालिकाको चालु आ.व.२०७५/७६ मा स्वीकृत योजना तथा कार्यक्रमहरुको संझौता गर्ने अवधि २०७५ फाल्गुण मसान्त सम्म रहेकोमा केही योजना तथा कार्यक्रमहरु भौगोलिक बिकटताका कारण संझौता गर्न नसकी बांकी रहेको र ती योजना तथा कार्यक्रमहरु मध्ये

२०७५ चैत्र महिनामा गरेका संझौताहरुलाई अनुमोदन गर्दै बांकी योजना तथा कार्यक्रमको संझौता गर्ने म्याद २०७६ बैशाख मसान्त सम्म र कार्यसम्पन्न गर्ने म्याद २०७६ जेष्ठ मसान्त सम्म कायम गर्ने निर्णय गरीयो ।

## निर्णय नं. ३

यस गाउंपालिकामा गठित न्यायीक समितिका पदाधिकारीहरुलाई न्यायिक समितिको अधिकारक्षेत्र भित्र पर्ने मुद्धामामिलाको फैसला गरेबापत प्राप्त कागजात र प्रत्येक वडामा रहेका कानुनी मेलमिलाप कर्तालाई आफ्नो अधिकार क्षेत्रभित्र पर्ने दुई वा सो भन्दा बढि व्यक्ति समूह वा समुदायबीच भएको बेमेल, विवाद असन्तुष्टी वा त्यस्तै किसिमको कुनै समस्याको समाधान गरेबापत त्यस्तो समस्या समाधान गरेको दिनको लागि प्राप्त कागजातको आधारमा तपसिल बमोजिमको पारिश्रमिक वा सुविधा उपलब्ध गराउने निर्णय गरियो । साथै त्यस्तो पारिश्रमिक सेवा तथा सुविधा मिति २०७५ माघ १७ मा सम्पन्न गाउँसभामा पारीत गत वर्षको जिम्मेवारीबाट बोर्डले निर्णय गरेको शिर्षकको ५ नं. उप शिर्षकको मेलमिलापकर्ताको आधारभूत तालिम सञ्चालन तथा न्यायिक समिति कार्यक्रममा विनियोजन भएको ७ लाख मध्य मेलमिलापकर्ताहरुको तालिम सञ्चालन भैसकेकोले सो बजेटमा उब्रेको रकम मध्यबाट न्यायिक समिति बैठक व्यवस्थापन तथा मेलमिलाप कर्ताले गरेको फैसला बमोजिम लाग्ने शुल्कमा खर्च गर्ने निर्णय सर्वसम्मतीका साथ गरियो ।

तपसिल

- न्यायिक समितिका पदाधिकारीलाई मुद्धा फैसला हुदांको दिनको मुद्धा फैसला बापत प्रतिव्यक्ति रु.५००।-
- न्यायिक समितिका पदाधिकारी र कानुनी सहजकर्तालाई बैठक बसेको दिनको बैठक भत्ता प्रतिव्यक्ति रु.१५००।-
- वडामा रहेका मेलमिलापकर्ताहरुलाई दुई वा सो भन्दा बढि समूहबीच भएको बेमेल वा विवादजन्य समस्या समाधान गरेवापत त्यस्तो समस्या समाधान गरेको दिनको प्रति मेलमिलापकर्ता रु. ५००।-

## निर्णय नं. ४

यस गांउपालिका अन्तर्गत निम्न उल्लेखित स्वास्थ चौकि तथा स्वास्थ ईकाईहरुमा करार सेवामा कार्यरत निम्न उल्लेखित कर्मचारीहरुको सेवा करार म्याद मिति २०७५ माघ ०१ बाट समाप्त भएकोमा निजहरुको कार्य हालसम्म सन्तोषजनक देखिएकोले निजहरुको म्याद समाप्त भएको मिति २०७५ माघ ०१ बाट लागु हुने गरी पूर्व करार सम्झौता बमोजिमनै सेवा, सुविधा तथा शर्तहरु कायम हुनेगरी २०७६ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरीयो ।

तपसिल:

| सि. नं. | करारमा कार्यरत कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यस्थल | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मंगलीमायाँ वाईवा | अ.न.मी. | | खैराङ्ग स्वास्थ चौकि, राक्सिराङ्ग-९, खैराङ्ग | |
| २ | श्री राज कुमार प्रजा | कार्यालय सहयोगी | | खैराङ्ग स्वास्थ चौकि, राक्सिराङ्ग-९, खैराङ्ग | |
| ३ | श्री अन्जना प्रजा | हे.अ. | सहायक चौथो | काँकडा स्वास्थ चौकि, राक्सिराङ्ग-६, काँकडा | |

| सि. नं. | करारमा कार्यरत कर्मचारीको नाम | पद | तह/श्रेणी | कार्यस्थल | कैफियत |
|---|---|---|---|---|---|
| ४ | श्री कान्ति पाख्रिन | अ.हे.व. | | कांकडा स्वास्थ्य चौकि, राक्सिराङ्ग-६, कांकडा | |
| ५ | श्री सविना घलान | कार्यालय सहयोगी | | कांकडा स्वास्थ्य चौकि, राक्सिराङ्ग-६, कांकडा | |
| ६ | श्री शोभा मुक्तान | अ.न.मी. | | राक्सिराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-५, राक्सिराङ्ग | |
| ७ | श्री बुद्धिमायाँ प्रजा | कार्यालय सहयोगी | | राक्सिराङ्ग स्वास्थ्य चौकि, राक्सिराङ्ग-५, राक्सिराङ्ग | |
| ८ | श्री सारिका थिङ | अ.हे.व. | | सरिखेत स्वास्थ्य चौकि, राक्सिराङ्ग-२, सरिखेत | |
| ९ | श्री लोचना सापकोटा | अ.न.मी. | | सरिखेत स्वास्थ्य चौकि, राक्सिराङ्ग-२, सरिखेत | |
| १० | श्री कविता कुमारी चेपाङ्ग | कार्यालय सहयोगी | | सरिखेत स्वास्थ्य चौकि, राक्सिराङ्ग-२, सरिखेत | |
| ११ | श्री सनिपा गुरुङ्ग | अ.न.मी. | | धिराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७, कांकडा | |
| १२ | श्री चन्द्र वहादुर प्रजा | कार्यालय सहयोगी | | धिराङ्ग सा.स्वास्थ्य ईकाई, राक्सिराङ्ग-७, कांकडा | |

**निर्णय नं. ५**

यस गाउँपालिकाले चालु आर्थिक वर्षमा मनहरी चैनपुर सडक खण्ड निर्माण तथा स्तरीकरणको लागि रु. १ करोड रकम विनियोजन गरेकोमा सो सडक खण्ड निर्माण तथा स्तरीकरणको लागि राष्ट्रियस्तरको वोलपत्र आव्हान गरी सवैभन्दा न्युन दररेट पेश गर्ने फर्म श्री न्यु पुजन कन्स्ट्रक्शनमार्फत उक्त सडक खण्डको कार्यसम्पन्न गरेकोमा सो शिर्षकमा रहेको बाँकी बजेटमध्य रु. ३५ लाख वरावरको रकमवाट उपभोक्ता समिति गठन गरी जिर्खेखोला देखि चैनपुर सम्मको सडक खण्डको स्तरीकरण तथा विस्तार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

गाउँपालिका अन्तरगत रहेका सम्पूर्ण सामुदायिक तथा निजि विद्यालयहरुको लेखापरिक्षण कार्यलाई व्यवस्थित गर्न तथा विद्यालयहरुको लेखालाई अद्यावधिक राख्न कार्यपालिकाबाट स्वीकृत भएको **“राक्सिराङ्ग गाउँपालिकाको विद्यालय लेखापरिक्षण कार्यविधि, २०७५”** को दफा ६ मा व्यवस्था भएको **लेखा परिक्षक छनौट समितिको** सदस्यमा जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखलाई राख्दा लेखापरिक्षक छनौट कार्य विलम्ब हुने, तोकिएको मितिमा बैठक नहुन सक्ने अवस्था श्रृजना हुनसक्ने संभावना भएको कारण उक्त समितिमा अन्य पदाधिकारी यथावत रहने तर सदस्यमा शिक्षा विकास समन्वय इकाईका प्रमुखको सट्टा यस गाउँपालिकाको शिक्षा शाखामा जिम्मेवार प्राप्त शिक्षा संयोजक रहने गरी वा देहायवमोजिमको सदस्य कायम रहने गरी कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत
सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य : शिक्षा संयोजक
सदस्य-सचिव: आन्तरीक लेखापरीक्षण शाखा प्रमुख

**निर्णय नं. ७**

यस गाउँपालिकालाई पशुपालन तथा कृषि क्षेत्रमा संलग्न जनताहरुको जीवनस्तरमा वृद्धि गर्न तथा कृषि तथा पशु क्षेत्रको विकासमार्फत क्रमगत रुपमा परम्परागत पशुपालन तथा कृषि मौसमी खेती प्रणालीलाई विस्थापित गरी कृषिमा आधुनिकीकरण गर्दै लैजाने तथा गाँजा प्रभावित गल्छिराङ्ग गाउँपालिकाका क्षेत्रलाई विस्थापित गरी पशुतथा कृषि प्रणालीमा जनतालाई आकर्षित गरी वैदेशिक रोजगारमा जाने प्रवृत्तिलाई समेत न्युनिकरण एवं निराकरण गर्दै लैजाने गाउँपालिकाको नीतिलाई साकाररुप दिनका लागि यस क्षेत्रमा पशुपालन लाई व्यवसायिकरण तर्फ उन्मुख गर्दै जानको लागि वा व्यवसायिक बाखापालनका लागि देहायबमोजिम गाउँपालिकास्तरीय दररेट सहितको नर्म्स तय गर्ने निर्णय गरियो ।

**बोका तथा बाखा खरिद दररेट गाउँपालिकास्तरीय**

| सि.नं. | जात | दररेट | कैफियत |
|---|---|---|---|
| १ | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका ७५ प्रतिशत | रु. २००० प्रतिकेजी सम्म | |
| २ | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका ५० प्रतिशत | रु. १५०० प्रतिकेजी सम्म | |
| ३. | अष्ट्रेलियन, अफ्रिकन तथा अन्य जातका बोयर बोका २५ प्रतिशत | रु. १००० प्रतिकेजी सम्म | |
| ४ | नकम्लाको बोयर जातको बाखा कम्तिमा १५ के.जी. भएको | रु. २०००० प्रतिगोटा | |
| ५ | ७५ प्रतिशत बोयर जातको बोकाले कम्लाको बाखा | रु. २००० प्रतिकेजी सम्म | |
| ६ | ५० प्रतिशत बोयर जातको बोकाले कम्लाको बाखा | रु. १५०० प्रतिकेजी सम्म | |
| ७ | २५ प्रतिशत बोयर जातको बोकाले कम्लाको बाखा | रु.१००० प्रतिकेजी सम्म | |
| ८ | सामान्य जातको साधारणतया २ वटा पाठा पाउने बाखा | रु. ६०० प्रतिकेजी | |
| ९ | सामान्य जातको बोका व्याडे | रु. १००० प्रति केजि | |

**निर्णय नं. ८**

सार्वजनिक खरिद ऐन, नियमावलि एवं प्रचलित कानुनबमोजिम बोलपत्र तथा सिलवन्दी दरभाउपत्र आव्हान गरी सार्वजनिक निकायले कुनै मालसामान वा सेवा खरिद गर्दा तथा निर्माण एवं परामर्शसम्वन्धी कार्य गर्दा त्यस्तो कार्य गर्न इच्छुक भई सिलवन्दी बोलपत्र वा दरभाउपत्र पेश गर्ने उद्योग, फर्म, कम्पनी वा संस्थामध्ये सारभूत रुपमा प्रभावग्राही भई न्युनतम मुल्यांकित उद्योग, फर्म, कम्पनी वा संस्थासँग त्यस्तो खरिद, निर्माणजन्य तथा परामर्शसम्वन्धी कार्यगर्ने आशयसहित स्विकृती दिईसकेपछि सो स्विकृतीपत्रमा तोकिएको अवधिभित्र सम्झौता गर्न नआउने उद्योग, फर्म, कम्पनी तथा संस्थालाई कालोसूचीमा राखि न्युनतम मुल्यांकनको दोश्रो क्रममा आएको सारभूत रुपमा प्रभावग्राही उद्योग, फर्म, कम्पनी वा संस्थालाई सम्झौता

प्रकियामा लैजाने निर्णय गरियो साथै सम्झौता गरिएको फर्म, कम्पनी, उद्योग वा परामर्शदाताले सम्झौता अवधिभित्र कार्यसम्पन्न गर्न नसकेमा त्यस्तो फर्म तथा कम्पनी, उद्योग तथा परामर्शदातालाई समेत कालोसुचीमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस गाउंपालिकाको बिभिन्न वडा र सस्थाहरुबाट योजना तथा कार्यक्रमहरु संचालन गर्नको लागि रकम मांग भै आएकोमा पछि गाउं कार्यपालिकाबाट अनुमोदन हुने गरी श्रीमान अध्यक्ष ज्यूबाट बिभिन्न मितिमा तपसिलको योजना तथा कार्यक्रमहरुको लागि रकम उपलब्ध गराउने भएको तोक आदेश आजको बैठकबाट सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरीयो ।

तपसिल

| सि. नं. | योजना तथा कार्यक्रमको नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| १. | औले नयां दर्शन मण्डली चर्च मर्मत योजना, राक्सिराङ्ग ३ | रु.१,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| २. | बाराहा मन्दीरको पूर्वाधार निर्माण योजना, राक्सिराङ्ग ९ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| ३. | अनुग्रह चर्च भवन प्लाष्टर एवं रंगरोगन गर्ने कार्य, राक्सिराङ्ग ४ | रु.१,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| ४. | सानो लापुर चर्च क्रिष्ट मण्डली, राक्सिराङ्ग ५ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| ५. | माईसिराङ्ग खीष्ट मण्डली भवन निर्माण योजना, राक्सिराङ्ग ८ | रु.१,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| ६. | गोमवोन भवन निर्माण योजना, राक्सिराङ्ग ३ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको सस्कृति प्रवर्द्धन कार्यक्रम |
| ७. | कला तथा सास्कृतिक मन्च, राक्सिराङ्गलाई वाल नेतृत्व विकास सम्वन्धी १ दिने तालिम र वडा स्तरिय वाल क्लब गठन, राक्सिराङ्ग | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम २०६० को सि.नं.११ को विविध वालकार्यक्रम |
| ८. | सार्वजनिक शौचालय निर्माण योजना, राक्सिराङ्ग ६ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको खर्च संकेत नं.३११५८ को सरसफाई निर्माण कार्यक्रम |
| ९. | ५ नं.वडा कार्यालयको शौचालय निर्माण योजना, राक्सिराङ्ग ५ | रु.२,००,०००/ | गा.पा.को खर्च संकेत नं.३११५८ को सरसफाई निर्माण कार्यक्रम |
| १०. | जिर्खेडांडा शौचालय निर्माण योजना, राक्सिराङ्ग ५ | रु.२,००,०००/ | गा.पा.को व.शि.नं.३१३११६ शशर्त अनुदानको सरसरफाई सम्बन्धी निर्माण कार्यहरु शिर्षक |
| ११. | कांकडा वेसीटोल क्लेवाङ्ग घट्ट विधुत मर्मत तथा निर्माण योजना, राक्सिराङ्ग ७ | रु.६,००,०००/ | गा.पा.स्तरिय आयोजनाको उर्जा,लघु तथा साना जलविधुत शिर्षक |
| १२. | कुतासिं जिर्खे लापुर टोड्के जोड्ने सडक निर्माण योजना, राक्सिराङ्ग ५ | रु.२,००,०००/ | गा.पा.स्तरिय आयोजनाको अन्यत्र बर्गीकृत नभएको तर्फ बिभिन्न |

| सि. नं. | योजना तथा कार्यक्रमको नाम | बजेट | शिर्षक |
|---|---|---|---|
| | लाई ईन्धनको लागि | | सडक मर्मतको लागि ईन्धनशिर्षक |
| १३. | सिलिङ्ग सिलिकडाँडा सडक निर्माण योजना, राक्सिराङ्ग ६ | रु.४,००,०००/ | गा.पा.स्तरिय आयोजनाको भैपरी पूंजिगत निर्माण शिर्षक |
| १४. | कालीढाप सिङ्गराङ्ग गोठडाँडा स्यामराङ्ग मोटर बाटो निर्माण योजना, राक्सिराङ्ग २ | रु.५,००,०००/ | गा.पा.स्तरिय आयोजनाको अन्यत्र वर्गीकृत नभएको तर्फ विभिन्न सडक मर्मतको लागि ईन्धनशिर्षक |
| १५. | दोश्रो भुगर्भ शहिद स्मृती मकवानपुर गोल्ड कप प्रतियोगिता २०७५ संचालन | रु.१,००,०००/ | गा.पा.स्तरिय आयोजनाको खेलकुद तथा मनोरन्जनको अन्य खेलकुद प्रतियोगिता कार्यक्रम |

**निर्णय नं. १०**

यसै मिति २०७६ बैशाख ३ यस गाउँपालिकाका अध्यक्ष श्री राजकुमार मल्लज्यूको अध्यक्षतामा बसेको गाउँ शिक्षा समितिको बैठकको निर्णयको अनुमोदन गर्ने निर्णय गरियो । साथै तपसिल बमोजिम गाउँपालिकाले गत असार २०७५ मा सम्पन्न गरेको गाउँसभाबाट विद्यालय शैक्षिक अनुदानको लागि विनियोजन गरेको बजेटबाट उब्रेको रकम मध्यबाट खर्च गर्ने गरी देहायबमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

- कक्षा ८ को परीक्षा खर्च थप रकम रु. ७५ हजार
- वार्षिक शैक्षिक क्यालेन्डर छपाई रु. ५० हजार
- विद्यालय भर्ना अभियान व्यवस्थापन रु. १ लाख

**निर्णय नं. ११**

यस गाउपालिकाको लागि जिल्ला समन्वय समितिको मौज्दाद कोष सञ्चालन कार्यविधि, २०७५ अनुसार यस गाउँपालिकाको वडा नं. ३ स्थित सरिखेतको सूर्योदय माध्यामिक विद्यालयको लागि छात्रावास निर्माण गर्न जिल्ला समन्वय समितिलाई प्राप्त रकमबाट रु. १ करोड विनियोजन हुने प्रतिवद्धता भएको साथै विस्तृत सर्भे परियोजना प्रतिवेदन अनुसार उक्त योजनाको लागि १ करोड ६० लाख लाग्ने देखिएकोले थप रु. ६० लाख रकम यस गाउँपालिकाले व्यहोर्ने प्रतिवद्धता सहित जिल्ला समन्वय समितिसँग सम्झौता गर्ने र उक्त छात्रावास भवन निर्माणको लागि वोलपत्र प्रक्रियामार्फत भवन निर्माण योजना अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

नेपालको संविधान, अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्रसंघले पारीत गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसेकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ (Convention on the Rights of Persons with Disabilities - CRPD) को उद्धेश्य, मर्म र भावना बमोजिम राक्सिराङ्ग गाउँपालिका भित्र रहेका **पूर्ण असक्त अपाङ्ग, अति असक्त अपाङ्ग, मध्यम असक्त अपाङ्ग तथा सामान्य अपाङ्गता भएका व्यक्तिहरुलाई** क्रमशः रातो, निलो, पँहेलो र सेतो रङ्गको परिचयपत्र दिने सञ्चालन तथा व्यवस्थापन गर्नका लागि राक्सिराङ्ग गाउँपालिका अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७५ सर्वसम्मतबाट स्विकृत गरियो ।

CamScanner

आजको बैठक मध्यान्ह १२:०० बजे समापन गरियो ।

CamScanner